# जिल्ला स्तरीय परीक्षा २०७२ का प्रश्नहरुको तुलनात्मक अध्ययन


शोधकर्ता

अप्सरा श्रेष्ठ

परीक्षा क्रमाङ्क २८८००३६/२०७०

त्रि.वि.दर्ता नं. ९-२-४३-३९९-२००७


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**


नेपाली भाषा शिक्षा विभाग

आदिकवि भानुभक्त क्याम्पस

दमौली, तनहुँ


२०७३/२०१७

# समुद्घोषण

मेरो जानकारीमा यो मौलिक शोधपत्र हो । यसको कुनै पनि अंश प्रतिलिपित, प्रकाशित र शोध प्रयोजन स्वरुप उपाधि लिन विश्व विद्यालयमा प्रस्तुत गरिएको छैन भनी समुद्घोषण गर्दछु ।

८ फेब्रुअरी, २०१७

....................

**अप्सरा श्रेष्ठ**

**शोधार्थी**

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र **जिल्ला स्तरीय परीक्षा २०७२ का प्रश्नहरुको तुलनात्मक अध्ययन** स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि आफ्नो अमूल्य समय दिएर मलाई यस शोधपत्र तयार पार्न बारम्बार उत्प्रेरित गर्दै विविध ज्ञानबर्द्धक सल्लाह, सुझाव दिएर सहयोग गर्नुहुने आदरणीय उपप्राध्यापक डा. रामकुमार अधिकारीज्यूको कुशल निर्देशनमा रही तयार पारिएको हो । उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यस्तै शोध शीर्षक, शोधप्रस्ताव र शोधपत्रका सम्बन्धमा आफ्नो व्यस्त समयका बाबजुद पनि पर्याप्त समय र सुझाव दिइ हौसला प्रदान गर्नुहुने आदरणीय गुरु नेपाली विभाग प्रमुख सहप्रध्यापक डा. ईश्वर चन्द्र वाग्लेज्यूप्रति कृतज्ञता प्रकट गर्दछु । साथै आदरणीय गुरु उपप्राध्यापक सुशील प्रसाद वाग्लेज्यूप्रति पनि कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र लेखन कार्य सहयोग प्रदान गर्नुहुने क्याम्पस प्रमुख श्रीकृष्ण न्यौपाने एवम् क्याम्पसका सम्पूर्ण गुरुहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै तथ्याङ्क सङ्कलनका क्रममा सहयोग गर्नुहुने शिक्षकहरुप्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

मेरो अध्ययनलाई यहाँसम्म ल्याई पुर्‍याउन मात्र नभई जीवनका विभिन्न कठिन परिस्थितिसँग सामना गर्न हौसला प्रदान गरी मलाई अध्ययनमा प्रेरित गर्ने श्रद्धेय पिता रामकुमार श्रेष्ठ, माता भगवती श्रेष्ठ र पति गोपाल कुमार श्रेष्ठज्यूप्रति पनि हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्दछु । यस शोधकार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गरी मेरो अध्ययनलाई गन्तव्य विन्दुमा पुर्‍याउने सम्पूर्ण साथीहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा छिटो, छरितो एवम् शुद्ध रुपमा टाइप गरी सहयोग गर्नुहुने स्वस्तिका स्टेशनरी दमौलीका प्रेम बहादुर आले मगरलाई हार्दिक धन्यवाद दिँदै प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि आदिकवि भानुभक्त क्याम्पस नेपाली भाषा शिक्षा विभागमा पेश गर्दछु ।

**अप्सरा श्रेष्ठ**

# शोधसार


प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनका लागि तयार पारिएको छ ।

प्रस्तुत **जिल्ला स्तरीय परीक्षा २०७२ का प्रश्नहरुको तुलनात्मक अध्ययन** शीर्षकको यस शोधपत्रमा जिल्ला स्तरीय परीक्षा २०७२ को नेपाली भाषाका प्रश्नपत्रहरु विशिष्टीकरण तालिका अनुरुप निर्माण भए नभएको पत्ता लगाउन, प्रश्नपत्रमा भएका भाषिक त्रुटि पत्ता लगाउन र उपयोग गरिएका प्रश्नपत्रहरु बिच तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यमा यो शोधपत्र केन्द्रित रहेको छ ।

शोधकार्य प्रश्नपत्रहरुको अध्ययन विश्लेषणमा केन्द्रित भएर गरिएको हुँदा नेपाली भाषा विषयको प्रश्नपत्रको अध्ययन ६ वटा जिल्लाका प्रश्नपत्र र प्रश्नपत्रको तुलनात्मक अध्ययनका साथै विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्र अध्ययनमा सीमित रहेको छ । यस शोधपत्रमा उपयोग गरिएका प्रश्नहरु बीच समानता र भिन्नता मात्र विश्लेषण गरिएको छ । प्रश्नपत्रको अध्ययन विश्लेषण विशिष्टीकरण तालिका र भाषिक त्रृटिको अध्ययनमा सीमित गरिएको छ । पुस्तकालय र क्षेत्रीय सर्वेक्षण विधिबाट तयार पारिएको प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतका रुपमा गण्डकी अञ्चलका जिल्ला स्तरीय परीक्षा २०७२ सालमा सोधिएका नेपाली विषयका प्रश्नपत्रहरुलाई सामग्रीको रुपमा सङ्कलन गरिएको छ । द्वितीय स्रोतमा प्रश्नपत्र विश्लेषणका लागि अनुसन्धानसँग सम्बन्धित विषय क्षेत्रका पुस्तकहरु विद्यालय, पत्रपत्रिका, प्रकाशकले शिक्षक, प्राध्यापकहरुलाई लिएको छ । विशिष्टीकरण तालिकको माध्यमबाट प्रश्नपत्र व्याख्या विश्लेषण गर्नका लागि तुलनात्मक, वर्णनात्मक पद्धतिको उपयोग गरिएको छ । प्राप्त तथ्याङ्कलाई आवश्यकता अनुसार व्याख्या विश्लेषण गरी तालिकीकरण गरिएको छ ।

नेपाली भाषा विषयको प्रश्नपत्रले भाषिक शुद्धतालाई ध्यान दिनुपर्ने प्रश्नपत्र निर्माण गर्दा भाषिक शुद्धतालाई ध्यान नदिएको पाइन्छ । प्रश्नपत्रमा वर्ण विन्यास र लेख्य चिन्हगत त्रुटि भएको पाइन्छ भने विशिष्टीकरण तालिकाले निर्धारण गरेको क्षेत्र र विधालाई त्यति ख्याल नगरेको पाइयो । मनाङ जिल्लाले विशिष्टीकरण तालिकालाई पूर्ण रुपमा उल्लङ्घन गर्दै १०० पूर्णाङ्कको प्रश्न निर्माण गरेको पाइयो । २५ पूर्णाङ्कको प्रयोगात्मक प्रश्नलाई

समेत सैद्धान्तिक प्रश्न नै सोधेको पाइयो । विभिन्न क्षेत्र, विधा र अङ्कभार समेत तालमेल नभएको पाइयो । वर्णविन्यास र पदयोग पदवियोग सम्बन्धी त्रुटि बढी मात्रामा भएको पाइयो । तसर्थ प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको पूर्ण रुपमा पालना गरी वर्णविन्यासगत शुद्धतालाई ख्याल गरी प्रश्न बनाउनुपर्ने देखिन्छ । त्यसको कारण कतै अक्षर मधुरो र कतै अक्षर नआएको देखिन्छ ।

प्रस्तुत शोधपत्रलाई ५ अध्यायमा सङ्गठित गरिएको छ । अध्याय एकमा शोधको परिचय, दुईमा पूर्वकार्यको समीक्षा, अध्याय तिनमा शोध विधि र प्रक्रिया, अध्याय चारमा नतिजा र छलफल, अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोग दिई प्रस्तुत गरिएको छ । प्रश्नपत्रको अङ्कभारमा तालमेल नभएको हुँदा सबैले उतिकै पूर्णाङ्कमा प्रश्नपत्र निकाल्नुपर्ने, प्रश्नपत्र निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग गर्नुपर्ने र भाषिक प्रश्न निर्माण गर्दा भाषिक शुद्धतालाई ख्याल राख्नुपर्ने निष्कर्ष निकालिएको छ ।

# विषय सूची

पृष्ठ सङ्ख्या

सिफारिस पत्र

स्वीकृति पत्र

समुद्घोषण

कृतज्ञता ज्ञापन

शोधसार

सङ्क्षिप्त शब्द सूची

चिन्ह सूची

विषय सूची

तालिका सूची

अध्याय : एक

शोध परिचय १-६

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको औचित्य ३

१.५ शोधको सीमा ५

१.६ प्रयुक्त प्रमुख शब्दहरुको परिभाषा ५

१.७ शोधपत्रको रूपरेखा ६

अध्याय : दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा ७-१०

२.१ पूर्वकार्यको समीक्षा ७

२.२ सैद्धान्तिक अवधारणा ९

२.३ पूर्वकार्यको समीक्षाको उपयोग १०

## अध्याय : तीन

**अध्ययन विधि र प्रक्रिया** **११-१३**

३.१ अध्ययनको ढाँचा ११

३.२ जनसङ्ख्या ११

३.३ नमुना छनोट र प्रक्रिया ११

३.४ तथ्याङ्क वा सूचना सङ्कलनका उपकरण १२

३.४.१ प्राथमिक स्रोत १२

३.४.२ द्वितीय स्रोत १२

३.५ तथ्याङ्क वा सूचना सङ्कलन प्रक्रिया १२

३.६ व्याख्या तथा विश्लेषण प्रक्रिया १३

## अध्याय : चार

**नतिजा र छलफल** **१४-४८**

४.१ विशिष्टीकरण तालिका अनुरुप प्रश्नपत्रहरुको व्याख्या तथा विश्लेषण १४

४.१.१ प्रश्न नं. १ १४

४.१.२ प्रश्न नं. २ १५

४.१.२ प्रश्न नं. ३ १७

४.१.३ प्रश्न नं. ४ क १८

४.१.३ प्रश्न नं. ४ (ख) २०

४.१.५ प्रश्न नं. ५ २१

४.१.६ प्रश्न नं. ६ २२

४.१.७ प्रश्न नं. ७ २४

४.१.८ प्रश्न नं. ८ २५

४.१.९ प्रश्न नं. ९ २६

४.१.१० प्रश्न नं. १० २८

४.१.११ प्रश्न नं. ११ २९

४.१.१२ प्रश्न नं. १२ ३१

४.१.१३ प्रश्न नं. १३ ३२

४.१.१४ प्रश्न नं. १४ ३४

४.१.१५ प्रश्न नं. १५ ३५

४.१.१६ प्रश्न नं. १६ ३७

४.१.१७ प्रश्न नं. १७ ३८

४.२ वर्णविन्यासगत दृष्टिले प्रश्नपत्रहरुको अध्ययन ४०

४.३ वर्णविन्यासगत त्रुटिहरुको जिल्लागत रुपमा रहेको समानता र भिन्नता ४७

**अध्याय : पाँच**

**सारांश, निष्कर्ष र उपयोग ४९-५४**

५.१ सारांश ४९

५.२ निष्कर्ष ५०

५.३ उपयोग ५२

५.३.१ नीतिगत तह ५२

५.३.२ प्रयोगात्मक तह ५३

५.४ भावी अध्ययन ५३

**सन्दर्भ सूची**

**परिशिष्टहरु**

# तालिका सूची


| | |
|---|---|
| | पृष्ठ सङ्ख्या |
| तालिका नं. १  प्रश्न नं. १ का लागि विशिष्टीकरण तालिका विवरण | १४ |
| तालिका नं. २ शब्दार्थ | १५ |
| तालिका नं. ३  प्रश्न नं. २ का लागि विशिष्टीकरण तालिका विवरण | १६ |
| तालिका नं. ४  शब्द भण्डार | १६ |
| तालिका नं. ५  प्रश्न नं. ३ का लागि विशिष्टीकरण तालिका विवरण | १७ |
| तालिका नं. ६  वाक्यमा प्रयोग | १८ |
| तालिका नं. ७  प्रश्न नं. ४ क का लागि विशिष्टीकरण तालिका विवरण | १९ |
| तालिका नं. ८  शुद्धिकरण | १९ |
| तालिका नं. ९  प्रश्न नं. ४ 'ख' का लागि विशिष्टीकरण तालिका विवरण | २० |
| तालिका नं. १० शुद्धीकरण | २१ |
| तालिका नं. ११ प्रश्न नं. ५ का लागि विशिष्टीकरण तालिका विवरण | २१ |
| तालिका नं. १२ रेखाङ्कन गरिएका पदका प्रकार | २२ |
| तालिका नं. १३ प्रश्न नं. ६ का लागि विशिष्टीकरण तालिका विवरण | २३ |
| तालिका नं. १४ विभक्ति र कारक छुट्याउने | २३ |
| तालिका नं. १५ प्रश्न नं. ७ का लागि विशिष्टीकरण तालिका विवरण | २४ |
| तालिका नं. १६ काल, पक्ष र भाव | २४ |
| तालिका नं. १७ प्रश्न नं. ८ का लागि विशिष्टीकरण तालिका विवरण | २५ |
| तालिका नं. १८ वाक्य परिवर्तन | २६ |
| तालिका नं. १९ प्रश्न नं. ९ का लागि विशिष्टीकरण तालिका विवरण | २७ |
| तालिका नं. २० वाक्य रचना (वर्णन) | २७ |
| तालिका नं. २१ प्रश्न नं. १० का लागि विशिष्टीकरण तालिका विवरण | २८ |
| तालिका नं. २२ बोध प्रश्नोत्तर | २९ |
| तालिका नं. २३ प्रश्न नं. ११ का लागि विशिष्टीकरण तालिका विवरण | ३० |
| तालिका नं. २४ बुँदा टिपोट र सारांश लेखन | ३० |
| तालिका नं. २५ प्रश्न नं. १२ का लागि विशिष्टीकरण तालिका विवरण | ३१ |

तालिका नं. २६ कथा, जीवनी/वादविवाद/संवाद/चिठी ३२
तालिका नं. २७प्रश्न नं. १३ का लागि विशिष्टीकरण तालिका विवरण ३३
तालिका नं. २८कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी ३३
तालिका नं. २९ प्रश्न नं. १४ का लागि विशिष्टीकरण तालिका विवरण ३४
तालिका नं. ३० पाठगत प्रश्नोत्तर/सङ्क्षिप्त उत्तरात्मक ३५
तालिका नं. ३१ प्रश्न नं. १५ का लागि विशिष्टीकरण तालिका विवरण ३६
तालिका नं. ३२ तार्किक शिल्प/समस्या समाधान ३६
तालिका नं. ३३ प्रश्न नं. १६ का लागि विशिष्टीकरण तालिका विवरण ३७
तालिका नं. ३४ विवेचना ३८
तालिका नं. ३५ प्रश्न नं. १७ का लागि विशिष्टीकरण तालिका विवरण ३९
तालिका नं. ३६ स्वतन्त्र रचना ३९
तालिका नं. ३७ तनहुँ जिल्लाको प्रश्नपत्रमा रहेको वर्ण विन्यासगत त्रुटि ४०
तालिका नं. ३८ गोरखा जिल्लाको प्रश्नपत्रमा रहेको वर्णविन्यासगत त्रुटि ४१
तालिका नं. ३९ लमजुङ जिल्लाको प्रश्नपत्रमा रहेको वर्णविन्यासगत त्रुटि ४३
तालिका नं. ४० कास्की जिल्लाको प्रश्नपत्रमा रहेको वर्णविन्यासगत त्रुटि ४४
तालिका नं. ४१ स्याङ्जा जिल्लाको प्रश्नपत्रमा रहेको वर्णविन्यासगत त्रुटि ४५
तालिका नं. ४२मनाङ जिल्लाको प्रश्नपत्रमा रहेको वर्णविन्यासगत त्रुटि ४६
तालिका नं. ४३ भाषिक त्रुटिहरुको जिल्लागत रुपमा रहेको समानता र भिन्नता ४७

# सङ्क्षिप्त शब्द सूची

| | |
|---|---|
| त्रि.वि.वि.द.नं. | त्रिभुवन विश्व विद्यालय दर्ता नम्बर |
| त्रि.वि.वि. | त्रिभुवन विश्व विद्यालय |
| नेपा.शि. | नेपाली शिक्षा |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| उप.प्रा. | उपप्राध्यापक |
| स.प्रा. | सहायक प्राध्यापक |
| एम.एड. | मास्टर अफ एजुकेशन |
| पृ. | पृष्ठ |
| नं. | नम्बर |
| वि.सं. | विक्रम सम्वत् |
| ई.सं. | ईस्वी सम्वत् |
| दो.सं. | दोस्रो संस्करण |
| ते.सं. | तेस्रो संस्करण |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |

# चिन्ह सूची

| | |
|---|---|
| । | पूर्ण विराम चिन्ह |
| , | अल्प विराम चिन्ह |
| / | विकल्प चिन्ह |
| ? | प्रश्न वाचक चिन्ह |
| ( ) | कोष्ठक चिन्ह |
| % | प्रतिशत |
| : | विसर्ग चिन्ह |
| - | रेखाङ्कित चिन्ह |